आज मिति २०८१ साल चैत्र ०८ गते शुक्रबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ५५औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री साबित्री दमाई | | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | श्री सुरज श्रेष्ठ | | |
| आमन्त्रित | | | | | |
| २४ | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| | | | | | |

## २०८१/१२/०८ गतेको नगर कार्यपालिकाको ५५^औं^ बैठकका एजेन्डाहरू

१. २०८१/११/२६ गतेको बैठकको समिक्षा सम्बन्धमा ।

२. विशेष नगर सभा सम्बन्धमा ।

३. जापानको फुजिनोमिया नगरसँग भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा ।

४. नगरकोट पर्यटन वर्ष २०८२ सम्बन्धमा ।

५. नगरकोट नाल्दुम सडकदेखी माथि डाँडामा जाने सडक स्तरोन्नती सम्बन्धमा ।

६. नगरकोट सिपाघाट सार्वजनिक शौचालय मर्मत सम्बन्धमा ।

७. वडा सडक मर्मतको लागि वडाहरुको योजना संशोधन सम्बन्धमा ।

८. निति तथा कार्यक्रमको क्र.सं. नं. ७० बैकल्पिक वडा कार्यालय भवन निर्माण वडा नं. १२ संशोधन सम्बन्धमा ।

९. विविध ।

### निर्णयहरु

**निर्णय नं. १**

नगरपालिकाको अघिल्लो ५४औं बैठकले गरेका निर्णयहरुको कार्य प्रगतिको प्रस्तुति तथा छलफल गरी निर्णय कार्यान्वयनको समिक्षा गरियो ।

**निर्णय नं. २**

मण्डनदेउपुर नगरपालिका र जापानको फुजिनोमिया नगरसँग दुवै पक्षिय भगिनी सम्बन्ध कायम गर्न बागमती प्रदेश र नेपाल सरकारको अनुमती लिई दुवै पालिकाबिच सम्झौता गरियो ।

**निर्णय नं. ३**

जापानको फुजिनोमिया नगरबाट आएको टोलीलाई भव्य स्वागत गरि जापानको फुजिनोमिया नगर र मण्डनदेउपुर नगरपालिकाबिच भगिनी सम्बन्ध कायम गर्न समझदारीपत्रमा हस्ताक्षर गर्ने र फुजिनोमियामा MoU गरे बमोजिम भ्रमण दललाई नगरपालिकाको विभिन्न ठाँउहरु अवलोकन गराई ३ दिन पछि नगरकोटमा विदाई गरि अनुभव आदान प्रदान गरि कार्यक्रमको समिक्षा गरियो ।

**निर्णय नं. ४**

नगरकोटसँग सिमाना जोडीएका चार नगरपालिकाको आयोजनामा नगरकोट भ्रमण वर्ष २०८२ अभियान सञ्चालन तथा शुभारम्भको लागि तपसिल बमोजिमको निर्णयहरु गरियो ।

क. नगरकोट भ्रमण वर्ष २०८२ सफल पार्न आर्थिक साझेदारीका लागि रु. १५०००००/- (अक्षरुपी पन्ध्र लाख रुपैयाँ) नगरपालिका विशेष बजेटबाट अनुदान दिने निर्णय गरियो।

ख. आ-आफ्नै नगरपालिकाको एक एक स्थानमा हेल्थ डेस्क राखे (डाक्टर तथा एम्बुलेन्स सहित) निर्णय गरियो।

ग. सूचना प्रविधि अधिकृत, इन्जिनियर र प्रचारप्रसारका लागि प्रकाश सुन्दासलाई खटाउने निर्णय गरियो।

घ. नगरकोट भ्रमण वर्ष २०८२ कार्यक्रममा सहयोग गर्न ३ जना नगरपालिकाको कर्मचारी स्वयंसेवक र सुरक्षाको लागि ४ जना नगरप्रहरी ३ दिनको लागि खटाउने निर्णय गरियो ।

ङ. होटलवालाहरुले आ-आफ्नो होटल क्षेत्रमा सजावटका लागि बत्ति राख्न निर्देशन गरि पत्र पठाउने निर्णय गरियो ।

च. नगरकोट भ्रमण वर्ष २०८२ सफल बनाउन र मण्डनदेउपुर नगरपालिकाको समेत प्रचार गर्न सम्बन्धित वडाका वडाअध्यक्षहरुले समन्वय गर्ने ।

**निर्णय नं. ५**

निति तथा कार्यक्रमको क्र.सं. नं. २८१ नगरकोट पर्यटन पूर्वाधार विकास शिर्षकलाई संशोधन गरि तपसिल बमोजिमको काम गर्ने निर्णय गरियो ।

क. नगरकोट नाल्दुम ठाडोबाटो मुखमा ढलान दाँयाबाँया वाल र नाली बनाउने ।

ख. ठुलोचौर भ्यूटावरमा प्रतिक्षालय ट्रस, खानेपानी तथा शौचालय निर्माण, र कफिसप डाँडामा अस्थाई ४ कोठाको शौचालय निर्माण गर्ने ।

**निर्णय नं. ४**

निति तथा कार्यक्रमको क्र.सं. नं. २९० नगरभित्रका सार्वजनिक शौचालय मर्मत सम्भार शिर्षकलाई संशोधन गरि नगरकोट र सिपाघाटमा रहेको सार्वजनिक शौचालय मर्मतका लागि तुरुन्त कार्यन्वयन गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

वडा नं. १, ३, ४, ६ र ८ मा वर्षातको बेलामा सडक सफा गर्न नगरपालिकाबाट छुट्याइएको बजेट अपुग भएकोले सम्बन्धित वडाकै विनियोजित बजेट रकमान्तरको निर्णय र सिफारिसको आधारमा योजना संशोधन गरि प्राविधिक लागत इस्टिमेट अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नीति तथा कार्यक्रमको क्र.सं. नं. ७० वैकल्पिक वडा कार्यालय भवन निर्माण योजना संशोधन गरि बाँसखर्क सामुदायिक भवन निर्माण योजना बनाउने निर्णय गरियो ।

**निर्णय नं. ७ विविध**

क. वडा नं. १ को स्वास्थ्य चौकीको तला थप्न स्वास्थ्य मन्त्रालयबाट प्राप्त रकम नेपाल सरकारको कार्यविधि अनुसार आवश्यक कारबाही गर्ने निर्णय गरियो ।

ख. वडा स्तरिय राजनितिक दलको प्रतिनिधीहरुको उपस्थितिमा वडा स्तरिय विपद् व्यवस्थापन समितिले वडामा भएको सम्पूर्ण विपद् क्षतिको विवरण मिति २०८१/१२/१७ गतेसम्म पेश गर्नुपर्ने र चैत्र २० गते नगर स्तरिय विपद् व्यवस्थापन समितिको बैठक बसी क्षतिको विवरण अनुमोदन गरि जिल्ला विपद् व्यवस्थापन समितिलाई बुझाउनु पर्ने निर्णय गरियो ।

ग. क्र.सं. नं. २४७ को सोम बहादुर तामाङको घर पहिरो नियन्त्रण योजनाको ठेगाना फरक परि वडा नं. ९ भएकोले वडा नं. ३ कायम गरि संशोधन गर्ने निर्णय गरियो ।

घ. मण्डनदेउपुर नगरपालिका र जापानको फुजिनोमिया नगरको टोलीलाई वडा नं. ३ खस्रे गुरुङ गाउँ टोलमा गुरुङ भेषभुषा खरिद, खाना र नमुना होम स्टे २०८२ वैशाख १ गतेबाट शुभारम्भ कार्यको लागि रु. तीन लाख अनुदान दिने निर्णय गरियो ।